# हरिपुर नगरपालीका, सर्लाही

# सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि

# अति विपन्न परिवारलाई गरिने सहयोग निर्देशिका

# २०७५

## १) पृष्ठभूमिः

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुबिधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भइ सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ ।

नेपाल सरकारको खानेपानी र सरसफाइ सम्बन्धी दिगो विकास लक्ष्य र यस हरिपुर को नीति तथा कार्यक्रमलाई सफल बनाउन यो पालिकाको सबै वडाहरुमा सरसफाइ अभियान सञ्चालन भैरहेको छ । यस महानगरको पहिलो लक्ष्य भनेको सबैको घरमा सुधारिएको सरसफाइ र दोस्रो लक्ष्यको रुपमा सबैलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने रहेको छ । यस हरिपुर नगरपालिकामा रहेका जनसंख्या मध्ये आर्थिक हिसावले अति सम्पन्नदेखि अति विपन्न र जग्गा विहिनहरु पनि रहेका छन् । यस पालिकामा सरसफाइ अभियान ब्यापक रुपमा सञ्चालन भैरहेको भएता पनि अति विपन्न र जग्गा विहिन जनसंख्यामा सरसफाइ सुविधा सुनिश्चित गर्न निकै कठीन भैरहेको छ ।

## २) औचित्यः

सम्पूर्ण समुदायलाई सरसफाइयुक्त बनाउन समुदायको सबै घरमा शौचालय सुविधा भै त्यसको स्वस्थकर प्रयोग, खाना खानु, खुवाउनु, दिसा धोएपछि र दिसा धौइदिएपछि र खाना तयार गर्नु अघि साबुन पानीले हात धुने अभ्यास गर्नु आवश्यक छ । तर यी सुविधा र अभ्यास सुनिश्चितताको लागि अति विपन्न, जग्गा नभएका र कुनै पनि उपायले यी सुविधाहरु निर्माण गर्न नसक्ने परिवारका लागि स्थानीय सरकारले विशेष सहयोग गर्न आवश्यक छ । स्पष्ट योजना र मापदण्ड बिना यस प्रकारको परिवारहरु पहिचान गर्न र उनीहरुलाई कस्तो प्रकारको सहयोग गर्ने भन्ने कुरा चुनौतिपूर्ण हुन्छ र पूर्ण न्यायीक पनि नहुन सक्छ । यही आवश्यक्ता पूरा गर्न यो निर्देशिका तयार गरिएको हो ।

## ३) उद्धेश्य:

अति विपन्न परिवारहरुको पहिचान गरी निश्चित मादण्डको आधारमा नगरबाट विभिन्न विकास साझेदार संस्थाहरुको समेत सहभागितामा त्यस्ता परिवारलाई विशेष सहयोग उपलब्ध गराउनु नै यो निर्देशिकाको उद्धेश्य रहेको छ ।

## ४) अति विपन्नता पहिचान गर्ने मापदण्ड:

अन्यत्र जेसुकै लेखिएको भएता पनि यस निर्देशिकामा सरसफाइ क्षेत्रमा विपन्नता भन्नाले निम्न अर्थ बुझ्न आवश्यक छ,

क) जग्गा विहिन परिवार ।

ख) शौचालय निर्माण गर्न आफ्नै जग्गा नभएको ।

ग) परिवारका कोपनि सदस्य वैदेशिक रोजगारीमा नगएका ।

घ) घर परिवारमा कोही पनि नोकरी गर्ने सदस्य नभएको ।

ङ) घरमा एकल महिला, अपांग र काम गर्न सक्ने ब्यक्ति नभएको ।

छ) सरसफाइ सुविधा निर्माण गर्नको लागि आर्थिक तथा भौतिक कुनै पनि योगदान गर्न नसक्ने परिवार ।

ज) सम्बन्धित समुदायले गरीव भनेर स्वीकार र सिफारिस गरेको परिवार ।

## ५) अति विपन्नताको पहिचान कसले गर्ने?

माथि लेखिएका विपन्नता पहिचान गर्ने मापदण्डको आधारमा सम्बन्धित वडाको नेतृत्व र खानेपानी र सरसफाइको क्षेत्रमा कामगर्ने संस्थाहरुको सहकार्यमा अति विपन्न परिवारको पहिचान गरिनेछ ।

## ६) अति विपन्न परिवार पहिचान गर्ने प्रक्रिया:

अति विपन्न परिवार पहिचान गर्नका लागि यस प्रकारको प्रक्रिया तय गरिएको छ ।

क) अति विपन्न परिवार पहिचान गर्न नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति अन्तर्गत एक प्राविधिक टोली गठन गरिनेछ वा हाल भैरहेको कार्यदललाई यो जिम्मेवारी दिइनेछ ।

ख) वडा तहमा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति अन्तर्गत त्यस वडामा खानेपानी र सरसफाइको क्षेत्रमा कार्यरत कर्मचारी र वडा सदस्यहरु समेतको टोली गठन गरिनेछ ।

ग) उक्त टोलीले बढी विपन्न रहेका वस्तीहरुको छनोट प्राप्त सूचना तथा जानकारीको आधारमा पहिचान गर्नेछ ।

घ) उक्त टोलीले सम्बधिन्त समुदायमा अवलोकन भ्रमण गरी समुदायकै सहभागितामा विपन्न परिवारको लगत तयार गर्नेछ ।

ङ) उक्त संकलित लगतलाई ती अति विपन्न भनिएका परिवार र समुदायका अन्य सदस्यहरुको रोहबरमा छलफल गरी टोलीले अन्तिम सूचि तय गर्नेछ ।

च) उक्त अन्तिम अति विपन्नहरुको सूचिलाई सम्बन्धित वडालाई बुझाउने छ र वडाले पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा बुझाउनेछ ।

छ) पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सबै वडाको सूचिलाई संकलन गरी अति विपन्न परिवारको समग्र सूचि तय गरी कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

**७) अति विपन्नहरुलाई सहयोग गर्न स्रोतको ब्यबस्थाः**

पालिका, वडा एवं विकास साझेदार संस्थाहरुले विनियोजन गरेका स्रोतहरु, नीजि क्षेत्र, ब्यक्तिगत सहयोग तथा दान र विभिन्न संघसंस्थाले प्रदान गर्ने नगद, जिन्सी तथा श्रमलाई सहयोगको रुपमा परिचालन गरिनेछ । यस प्रकारको सहयोगलाई पालिका, वडा तथा समुदायबाट परिचालन गर्न सकिनेछ तर विकास साझेदारबाट आउने सहयोग पालिका मार्फतबाटमात्र परिचालन गरिनेछ ।

**८) सहयोग गर्ने प्रक्रियाः**

क) सम्बन्धित समुदायमा संकलन गरिएको रकम, जिन्सी तथा श्रम त्यही समुदायमा अति विपन्न परिवालाई वितरण गरिनेछ । तर यसको लगत अनिवार्य राखी वडामा प्रतिवेदन दिन पर्नेछ ।

ख) वडाबाट वितरण गरिने स्रोतहरु वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समनव्य समितिका सदस्यहरुको सहजीकरण र उपस्थितिमा वितरण गरिनेछ ।

ग) पालिकाबाट वितरण गरिने स्रोतहरु वडा मार्फत वितरण गरिनेछ। सिधै वितरण गरिने छैन।

घ) कुनै पनि विकास साझेदार संस्थाबाट आएको कुनै पनि प्रकारको स्रौतहरु पालिका मार्फतमात्र वितरण हुनेछ।

## ९) अति विपन्नहरुलाई उपलब्ध गरिने विशेष सुविधाः

अति विपन्न परिवारको लागि निम्न लिखित साधानस्रोतहरु उपलब्ध गराउन सकिनेछ,

क) शौचालय निर्माणको लागि आवश्यक रिंग, प्यान, पाइप, ज्यामी र सिमेन्ट। अति विपन्न मध्येका पनि उपाय शून्य भएकाहरुलाई सबै प्रकारका सहयोग दिन सकिनेछ भने अन्यलाई रिंग, प्यान, पाइपमात्र उपलब्ध गराएनेछ। तर सामुदायिक शौचालय निर्माणको हकमा सिमेन्ट र दक्ष जनशक्ति समेत सहयोग गर्न सकिनेछ।

ख) जग्गा नभएका परिवारलाई सामुदायिक शौचालय निर्माणको लागि जग्गा खोज्नमा सहयोग।

## १०) अति विपन्न परिवारलाई सहयोग कहिले दिनेः

यस प्रकारको सहयोग दिने परिवारले शौचालय निर्माण गर्न खाडल खनेपछिमात्र अन्य सामग्रीहरु उपलब्ध गराइनेछ। यस प्रकारको सहयोग प्राप्त गर्ने परिवारले कम्तीमा २ महिनाभित्र शौचालय निर्माण गरि सक्नुपर्नेछ। त्यसपछि यस प्रकारको सहयोग उपलब्ध गराइने छैन र आफ्नो शौचालय आफै निर्माण गर्नपर्नेछ। अन्यथा नगरपालिकाले तोके बमोजिम दण्ड जरीवाना हुनेछ।

## ११) सामुदायिक शौचालयको अवधारणाः

जग्गा विहिन समुदायको लागि सामुदायिक शौचालयको अवधारणा अनुशार पनि शौचालय निर्माण गर्न सकिनेछ। यस प्रकारको शौचालय निर्माण गर्नको लागि समुदाय आफैले समुदाय समेतको सहभागितामा जग्गाको खाजी गरिनेछ। सामुदायिक शौचालयको निर्माण समुदायको सहभागितामा निर्माण हुनेछ र यसको ब्यबस्थापनको योजना र सहमति शौचालय डिजाइनको समयमै सहमति हुनेछ। समुदायले ब्यबस्थापन र सरसफाइको

जिम्मेवारी नलिएमा यस प्रकारको शौचालय निर्माण गरिने छैन । यस प्रकारको शौचालयको डिजाइन र इष्टीमेट समुदायमा सहमति भएपछिमात्र निर्माण कार्य अगाडि बढाइनेछ ।

## १२) विविधः

यस निर्देशिका सम्बन्धी केही स्पष्ठता नभएमा नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले स्पष्ठ गर्ने कार्य गर्नेछ ।

धन्यवाद ।